

# अध्याय -२

## भविष्य निर्धारण गर्ने क्षण

**यस अध्यायका मूल पदहरू:** मत्ती २४:१४, प्रकाश १४:१४-२०, मत्ती १६:२७, प्रेरित १:९-११, मर्कूस ४:२६-२९ र प्रकाश १६:१।



**यस अध्यायका मूल सार पदः "अनि मैले हेरें, र एउटा सेतो बादल र त्यसमाथि बस्नुभएको मानिसको पुत्रजस्तो एक जनालाई देखें, जसको शिरमा सुनको मुकुट थियो र हातमा एउटा धारिलो हँसिया थियो। अर्को एउटा स्वर्गदूत मन्दिरबाट बाहिर आए, र बादलमाथि बस्नुहुनेलाई चर्को सोरले भने, "तपाईंको हँसिया लिनुहोस्, र कटनी गर्नुहोस्, किनकि कटनीको समय आएको छ, किनभने पृथ्वीको बाली पूरै पाकिसकेको छ।" प्रकाश १४:१४-१५।**

समय अनुसार सुन्नुपर्ने जे आवश्यक सत्यहरू परमेश्वरले जहिले पनि उहाँका जनहरूलाई दिनुभएको छ। जलप्रलयको चेतावनीदेखि (उत्पत्ति ६:७) येशूको पहिलो आगमन (दानिएल ९:२४-२७) देखि येशूको दोस्रो आगमनमा पूर्ग हुने न्याय (दानिएल ७:९,१०; दानियल ८:१४) देखि येशूको आगमनभन्दा पहिला हुने घट्नाहरू (प्रकाश १२-१४), परमेश्वरले हामीसँग बोल्नुभएको छ। मानव इतिहासको यस अन्तिम दिनहरूमा उहाँले विशेष सन्देश संसारलाई दिनुभएको छ र समयको आवश्यकता अनुसार त्यो सन्देश बनाइएको छ। उहाँले त्यस सन्देशलाई तीन

स्वर्गदूतहरूद्वारा चित्रण गर्नुभएको छ। ती स्वर्गदूतहरू आकाशमा उडेर सारा संसारलाई अन्तिम समयको निम्ति अत्यन्तै जरुरी सन्देश दिन उडिरहेका थिए।

तीन स्वर्गदूतहरूका सन्देशहरू येशूले दिनुभएको अन्तिम दया, करुणा र सदाशयताको सन्देश हुन्। हाम्रै धर्मकर्म, दर्शन, आविश्कार आदिहरूमा भर नपरि येशूको धार्मिकतामा विश्वास गर्न ती स्वर्गदूतहरूले आह्वान गरेका छन्। ती सन्देशहरूमा अन्तिम समयमा हामीलाई निर्दोष र पवित्र ठहऱ्याउने येशू नै हुनुहुन्छ भनेर दिइएको छ। अन्तमा आएर हामीलाई महिमित  बनाउने र अमर जीवन दिने उहाँनै हुनुहुन्छ भनेर पनि ती सन्देशहरूले बताउँदछ।

आज र जहिले पनि  हामीले येशूलाई चुन्नै पर्दछ, उहाँलाई हाम्रो जीवन समर्पण गर्नैपर्छ र उहाँका आज्ञाहरू पालन गर्नै पर्छ, किनभने अहिले हामीले गरेका निर्णयहरूले हाम्रो अगाडि आउने अन्तिम सङ्कटले हामीलाई कसरी प्रभाव पार्नेछ भन्ने निर्णयक भूमिका खेल्नेछ।

## १. अनन्तका निर्णयहरू

छ हजार वर्ष जति पाप, दुष्ट, अधर्म, अत्याचार आदिको पराकाष्टामा रहेको यस पतित र विद्रोही पृथ्वीलाई अन्तिम करुणा, दया र सदाशयताको येशूको सन्देश प्रकाश १४मा दिइएको छ। यस मानव इतिहासमा त्यो दिन एक दिन आउनेछ जब प्रत्येक मानिसल अन्तिम अपरवर्तनीय निर्णय गर्नुपर्नेछ। प्रत्येक मानिस कि त येशूको पक्षमा कि त सैतानको पक्षमा उभिने निर्णय गर्नुपर्नेछ। कोही पनि मध्यम मार्गमा उभिन पाउनेछैन। ख्रीष्टको धार्मिकताले हामीलाई पापको दोषबाट मुक्त गरिनेछ र हाम्रो जीवनमा पापको पकड सदाको निम्ति नाश हुनेछ भन्ने प्रकाशको सन्देश सारा पृथ्वीमा घन्किनेछ।

**येशूको दोस्रो आगमन भन्दा पहिले सारा विश्वमा सुसमाचार फैलिनेछ भन्ने प्रतिज्ञा उहाँका चेलाहरूलाई मत्ती २४:१४मा दिएको पढ्नुहोस्। त्यसलाई प्रकाश १४:६सँग तुलना गर्नुहोस्।  हेर्नुहोस्, मत्ती २४:१४, "अनि राज्यको यो सुसमाचार सारा संसारमा सबै जातिहरूका लागि गवाहीको निम्ति प्रचार गरिनेछ, त्यसपछि अन्त्य आउनेछ।" र प्रकाश १४:६, "अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो।"**

सारा संसारमा सुसमाचार प्रचार गरिनेछ भनेर येशूले गर्नुभएको प्रतिज्ञा मत्ती २४:१४मा लेखिएको छ भने यस पृथ्वीको अन्तिम दिनको सन्देशमा कसरी पूरा हुनेछ भनेर प्रकाश १४:६मा पुष्टि गरिएको छ। यस पृथ्वीमा भएको प्रत्येक राष्ट्र, प्रत्येक जाति, प्रत्येक भाषा र मानिसहरूले सुसमाचार सुन्ने अवसर मिल्नेछ।

आफू छिट्टै आउनेछु भनेर येशूले प्रकाश २२ मा कबुल गर्नुभएको छ (प्रकाश २२:७,१२,२०)। उहाँको छिटो आगमनको सन्दर्भमा प्रभुले यो थप्नुभएको छ, " दुष्ट काम गर्नेले दुष्ट काम गरिरहोस्, अश्लील काम गर्नेले अश्लील काम गरिरहोस्, धर्मात्माले धार्मिक कार्य गरिरहोस्, र पवित्र जनचाहिँ पवित्र नै भइरहोस्।" प्रकाश २२:११। प्रकाशको पुस्तक एक महिमित चरिमसिमामा पुऱ्याउँछ जब प्रत्येक मानिस ख्रीष्टको पक्षमा कि विपक्षमा उभिने भन्ने निर्णय गर्नुपर्नेछ।

हुन त अहिले नै हामी प्रत्येक दिन सानो होस् ठूलो होस् हामीले रोज्ने कुराले हामी येशूको पक्षमा छौं कि विपक्षमा छौं भनेर देखाइरहेको हुन्छ। यस जीवनमा अहिले नै निरन्तररूरूपमा जानाजानी गलत निर्णय गरिरहेको मानिसले अन्तिम सङ्कटा अचानक येशूको पक्षमा उभिने अवसर पाउनेछ भन्ने छैन। त्यसबेला दुष्ट संसारका सबै दुष्ट शक्तिहरु मानिसहरूमाथि थुप्रिने छन्। अहिले नै र दिनदिनै हामी येशू र उहाँका आज्ञाहरूप्रति बफादारी हुने कि नहुने भनेर रोज्नै पर्छ। १ यूहन्ना ५:३मा लेखिएको छ, "यो परमेश्वरको प्रेम हामी छ भनेर प्रमाणित गर्छौं किनभने उहाँका आज्ञाहरू हामी पालन गर्छौं" (रूपान्तर)। एलेन जी ह्वाइटले भन्नुभएको छः "हाम्रो चरित्र येशू आउनुभएको बेलामा परिवर्तन गर्नुहुन्न। परिवर्तन हुने काम अहिले नै गर्नुपर्दछ। हाम्रो दैनिक जीवनले हाम्रो भविष्यलाई हामीले नै निर्धारण गरिरहेका हुन्छौं।" *लास्ट डे इभेन्टस्,* २९५बाट रूपान्तरित।

**परमेश्वरले हाम्रा चरित्रहरूलाई कसरी ढाल्नुहुन्छ? हामी अनुग्रहमा बढ्न उहाँले कुन् माध्यमहरू प्रयोग गर्नुहुन्छ? हामीले के गर्न सक्छौं कि अहिले नै येशू जस्तो हुन पवित्र आत्मालाई हाम्रो जीवनमा पूरासँग काम गर्न दिन्छौं?**

## २. मानिसको पुत्र फर्किनुहुन्छ

आफ्ना जनहरू र संसारका निम्ति अन्तिम युगको सन्देशका मूल उल्लेखनीय पदहरू प्रकाश १४मा समावेश गरिएकाछन्। त्यसको केन्द्रविन्दु

येशूको आगमन हो र प्रधान पूजारीको हृदयमा नै छेड्ने गरेर चुनौतिसाथ बोल्नुभएको येशूको यो वचन पनि पूरा गर्नु हो, "म हुँ, अनि तपाईंहरूले मानिसको पुत्रलाई सर्वशक्तिमान्को दाहिने बाहुलीतर्फ बसिरहेको र आकाशका बादलहरूका साथमा आइरहेको देख्नुहुनेछ।" मर्कूस १४:६२।

**प्रकाश १४:१४ पढ्नुहोस्। जब येशू यस पृथ्वीमा फर्किनुहुन्छ उहाँलाई कसरी सम्बोधन गरिनेछ? यूहन्नाले येशूको बारेमा त्यो नाउँ किन दिएको होला? हेर्नुहोस्, "अनि मैले हेरें, र एउटा सेतो बादल र त्यसमाथि बस्नुभएको मानिसको पुत्रजस्तो एक जनालाई देखें, जसको शिरमा सुनको मुकुट थियो र हातमा एउटा धारिलो हँसिया थियो।"**

सुसमाचारका पुस्तकहरूमा आफूलाई "मानिसको पुत्र" भनेर ८२ पटक सम्बोधन गर्नुभएको थियो। यो उहाँलाई मन पर्ने नाउँ थियो। हामीप्रति स्नेह देखाएर उहाँले आफूलाई यसरी सम्बोधन गर्नुभएको थियो। उहाँ मुक्तिदाता हुनुहुन्छ जसले हाम्रो बारेमा सबै कुरा बुझ्नुहुन्छ, हाम्रा परिक्षाहरू उहाँले भोग्नुभएको थियो र हामीले भोग्नुपर्ने दुःखकष्टबाट उहाँ पार हुनुभएको थियो। उहाँ "मानिसको पुत्र" हुनुहुन्छ जो हामीलाई घरमा लैजान फर्किंदै हुनुहुन्छ। हाम्रो निम्ति आउनुहुने येशू त्यही येशू हुनुहुन्छ जो हाम्रो बीचमा रहनुभएको थियो। उहाँले हामीलाई उद्धार गर्न योग्य हुनुभएको छ किनभने उहाँ हाम्रो मध्ये एक हुनुभयो, यद्यपि हामीमध्ये एक हुनुभएर उहाँले सैतानको पूरै परिक्षाको क्रोध सामना गर्नुभयो, र उहाँ बिजयी हुनुभयो।

**येशू मानिसको पुत्र भनेर मत्तीमा सम्बोधन गरिएकोबाट हामी के सिक्नसक्छौं**? हेर्नुहोस, "मानिसको पुत्र आफ्ना पिताको महिमामा आफ्ना स्वर्गदूतहरूसँग आउनेछ, र त्यस बेला उसले हरेक मानिसलाई त्यसको कामअनुसार प्रतिफल दिनेछ।" मत्ती १६:२७; "जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ।...तब मानिसको पुत्रको चिन्ह आकाशमा देखा पर्नेछ, र पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्।" मत्ती २४:२७, ३० र "जब मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा आउनेछ, तब ऊ आफ्नो महिमामय सिंहासनमा बस्नेछ। र उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन्, र जसरी गोठालाले भेड़ा र बाख्रालाई छुट्ट्याउँछ, त्यसरी नै उसले तिनीहरूलाई एउटालाई अर्काबाट अलग गर्नेछ।" मत्ती २५:३१-३२।

मानिसको पुत्र येशूको बारेमा के विशेषता ती माथिका पदहरूले उल्लेख गरेका छन्? हेर्नुहोस् (१) मानिसको पुत्र येशू उहाँका स्वर्गदूतहरूसँग महिमामा आउँदै हुनुहुन्छ। (२) उहाँले भेँडा र बाख्रालाई अलग गर्नुहुनेछ अर्थात् उहाँले न्याय गर्नुहुनेछ। (३) सारा राष्ट्रहरू र सारा मानव जातिहरूको भविष्य त्यसबेला निर्धारण हुनेछ।

**"मानिसको पुत्र" भनेर सम्बोधन गरिँदा येशूको मानवताको बारेमा के बताउँछ। उहाँ परमेश्वर भएर पनि हामीमध्ये एक हुनुभयो, हामी जस्तै हुनुभयो, तर हामीले जस्तो उहाँले  कहिल्यै पनि पाप गर्नुभएन। यसमा चकित पार्ने के आशा बुनिएको छ? (१) उहाँ मानिस हुनुभएरै हाम्रो निम्ति परमेश्वरको प्रेम थाहा पाउनुभयो; (२) हाम्रो दुःखकष्ट थाहा पाउनुभएकोले उहाँले हाम्रा दुःख र संघर्षलाई राम्रोसँग बुझ्नुहुन्छ र तिनीहरूमाथि उहाँले विजय दिनुहुन्छ।**

## ३. स्वर्गमा हुने न्याय

**प्रकाश १४:१४ र प्रेरित १:९-११ पढ्नुहोस्। ती पदहरूमा के समानता छ? हेर्नुहोस्, "अनि मैले हेरें, र एउटा सेतो बादल र त्यसमाथि बस्नुभएको मानिसको पुत्रजस्तो एक जनालाई देखें, जसको शिरमा सुनको मुकुट थियो र हातमा एउटा धारिलो हँसिया थियो।" प्रकाश १४:१४ र "उहाँले यो कुरा भन्नुभएपछि, तिनीहरूले हेर्दाहेर्दै उहाँ उँभो उचालिनुभयो, र बादलमा उहाँ तिनीहरूका दृष्टिबाट लोप हुनुभयो। जब तिनीहरूले उहाँ जाँदैगर्नुभएको एकटक आकाशतिर हेरिरहेका थिए, तब अचानक सेतो पोशाक लाएका दुई जना मानिस तिनीहरूका नजिक खड़ा भए। तिनीहरूले भने, "गालीलका मानिस हो, तिमीहरू किन आकाशतिर हेर्दै उभिरहेका छौ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ।" प्रेरित १:९-११।**

यूहन्नाले बताउँछन्, "अनि मैले हेरें, र एउटा सेतो बादल र त्यसमाथि बस्नुभएको मानिसको पुत्रजस्तो एक जनालाई देखें।" प्रकाश १४:१४। जब येशू आकाशतिर उभौं लाग्नुभयो लूकाले प्रेरित १:९मा लेख्दछन्, "उहाँले यो कुरा भन्नुभएपछि, तिनीहरूले हेर्दाहेर्दै उहाँ उँभो उचालिनुभयो, र बादलमा उहाँ तिनीहरूका दृष्टिबाट लोप हुनुभयो।" येशू स्वर्गदूतहरूको बादलमा जानुभयो र उहाँ स्वर्गदूतहरूकै बादलबाट फर्किनुहुनेछ। अनि चकित भएर हेरिरहेका चेलाहरूला२ स्वर्गदूतहरूले भन्छन्, " गालीलका मानिस हो, तिमीहरू किन

आकाशतिर हेर्दै उभिरहेका छौ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ।" प्रेरित १:९-११। "त्यही येशू," "त्यही मानिसको पुत्र" जो नाजरथको धुलो बाटोहरूमा हिँड्नुभयो, जो यरुशलेमका सडकहरूमा हुलकाहुल मानिसहरूलाई सेवा गर्नुभयो, इस्राएलका गाउँहरूका बिरामीहरूलाई निको पार्नुभयो, र गलिलको पहाडहरूको घाँसमा बसेर प्रचार गर्नुभयो, त्यही येशू फेरि आउँदै हुनुहुन्छ।

न्यायको मामिलालाई सम्बोधन गर्दै मानिसको पुत्र भनेर दानिएर ७ मा पनि उल्लेख गरिएको छ।

**न्यायको जस्तो गम्भीर मामिलालाई लिएर दानिएलले येशूलाई किन "मानिसको पुत्र" भनेर सम्बोधन गरे? येशूको बारेमा जुन कुराहरूलाई हामीले हेर्‍यौं त्यही मानिसको पुत्र न्यायको केन्द्रविन्दु भन्ने ज्ञानले हामीलाई के सान्त्वना दिन्छ? हेर्नुहोस्, दानिएल ७:९,१०,१३,१४, "जसै मैले हेरें, सिंहासनहरू बसालिए, र अति प्राचीन आफ्नो सिंहासनमा बस्नुभयो। उहाँका लुगा हिउँजस्तै सेता थिए, उहाँको शिरको केश ऊनजस्तै सेतो थियो। उहाँको सिंहासनमा बलिरहेको आगोको ज्वाला थियो, र त्यसका चक्काहरूमा दन्केको आगो थियो। उहाँको सामुबाट आइरहेको आगोको एउटा नदी बगिरहेको थियो। हजारौं हजारले उहाँको सेवा गर्थे; दश हजार गुणा दश हजार उहाँको सामु उभिएका थिए। न्यायको निम्ति अदालतको बैठक बसेको थियो, र पुस्तकहरू खोलिए।... "राती मैले मेरो दर्शनमा हेरें, र त्यहाँ मेरो सामु आकाशका बादलका साथ आइरहनुभएको एक जना मानिसको पुत्रजस्तै हुनुहुन्थ्यो। उहाँ ती अति प्राचीनकहाँ आउनुभयो, र उहाँकै सामु उपस्थित गराइनुभयो। उहाँलाई अधिकार, महिमा र सार्वभौमिक शक्ति दिइयो, र हरेक भाषा बोल्ने सबै मानिसहरू र जातिहरूले उहाँको आराधना गरे। उहाँको प्रभुत्व अनन्तसम्म रहने प्रभुत्व छ, जुनचाहिँ कहिल्यै टल्नेछैन, र उहाँको राज्य त्यो हो जुन कहिल्यै नष्ट हुनेछैन।"**

दानिएल ७:९,१०मा दानिएलले स्वर्गको अदालत देख्छन्। त्यहाँ सिंहासनको वरिपरि दसौं हजार गुणा दसौं हजार स्वर्गदूतहरू, स्वर्गका जीवहरू उभिरहेका थिए। न्याय अदालत बसियो, र स्वर्गमा भएका लेखाहरूका पुस्तकहरू सारा जगतको सामु खोलिन्छन्। दानिएल ७:१३,१४मा मानिसको पुत्र अति प्राचिन पिताकहाँ देखा पर्नुहुन्छ र उहाँको अनन्तको राज्य

पाउनुहुन्छ। त्यस न्यायमा सारा विश्वब्रम्हान्डको सामु पिता, पुत्र र पवित्र आत्माले मानव जगतलाई उद्धार गर्न सबै संभाव्यताहरू पूरा गर्नुभयो भनेर पेश गरिनेछ। यस न्यायले परमेश्वरका सन्तहरूको मात्र होइन परमेश्वर पिता आफैको चरित्र पनि निर्दोष साबित हुनेछ। सैतानले परमेश्वरप्रति झुठो आरोपहरू लगाएको थियो (अय्यूब १-२, भजन ५१:१-४)। सैतानका सबै आरोपहरू झुठा हुनु भनेर सारा जगतले थाहा पाउनेछ।

**तपाईंको सारा जीवन परमेश्वरको हिसाबकिताबमा देखिनुपर्नेछ भन्ने तथ्यलाई सोच्नुहोस्। तब, त्यसबेला तपाईंको केवल एउटामात्र आशा के हो? हेर्नुहोस्, "यसकारण अब ख्रीष्ट येशूमा भएकाहरूलाई दण्डको आज्ञा छैन।" रोमी ८:१।**

## ४. बिजयीको मुकुट

येशूको बारेमा यूहन्नाले लेख्दछन्, "अनि मैले हेरें, र एउटा सेतो बादल र त्यसमाथि बस्नुभएको मानिसको पुत्रजस्तो एक जनालाई देखें, जसको शिरमा सुनको मुकुट थियो र हातमा एउटा धारिलो हँसिया थियो।" प्रकाश १४:१४। "मुकुट" (is*stephanos* स्टेफानोज) भन्ने शब्द बिजयको मुकुट हो। जब कोही खेलाडी प्रतियोगितमा जित्छ तब उसलाई स्टेफानोज पहिऱ्याइ दिन्छ। यो सम्मान, महिमा र विजयको मुकुट हो।

येशूले एकफेरा काँडाका मुकुट लगाउनुभएको थियो। त्यो अपमान, गिल्लाको प्रतिक थियो। उहाँलाई मानिसहरूले हेला गरेका थिए, अस्वीकार गरेका थिए र हेपेका थिए। उहाँलाई मानिसहरूले गाली बेइज्जत गरेका थिए, उनलाई जिस्क्याएका थिए, उनीप्रति हँसी उडाएका थिए, उनको अनुहारमा थुकेका थिए, उहाँलाई पिटेका थिए र कोर्रा हानेका थिए। अब उहाँ महिमाको मुकुट लगाउनुहुन्छ र फेरि आउनुहुन्छ तर राजाहरूका राजा भएर र प्रभुहरूका प्रभु भएर।

**देहायका दुई पदहरू पढ्नुहोस्। तिनीहरूमा के समामनता छ? ती दुवै पदहरूले के बताइरहेकाछन्? हेर्नुहोस्, प्रकाश १४:१५, "अर्को एउटा स्वर्गदूत मन्दिरबाट बाहिर आए, र बादलमाथि बस्नुहुनेलाई चर्को सोरले भने, "तपाईंको हँसिया लिनुहोस्, र कटनी गर्नुहोस्, किनकि कटनीको समय आएको छ, किनभने पृथ्वीको बाली पूरै पाकिसकेको छ।" र मर्कूस ४:२६-२९ "उहाँले भन्नुभयो, "परमेश्वरको राज्य यस्तो हो— कुनै एक जना मानिसले जमिनमा बीउ छर्छ, र ऊ सुते पनि, जागा रहे पनि रातदिन त्यो बीउचाहिँ टुसाउँछ र बढ्छ,**

**तर त्यो कसरी बढ्छ, सो उसले जान्दैन। जमिन आफैले उमार्छ, पहिले टुसा, त्यसपछि बाला, तब बालामा पूरा दाना लाग्छ। तर जब अन्न पाक्छ, तब तुरुन्तै उसले हँसिया लगाउन थाल्छ, किनभने फसलको बेला आइपुगेको हुन्छ।"**

परमेश्वरको उपस्थितिबाट निस्केर स्वर्गदूत मन्दिरको महिमा वा तेजसाथ निस्कन्छन्।

येशूले खेतीकिसानीका चित्रणहरू बराबर प्रयोग गर्नुभएको नयाँ करारमा पाइन्छ। उहाँले सुसमाचारको सन्देश बिउ हो र त्यो उहाँका जनहरूका जीवनहरूमा उम्रन्छन् भनेर एक पल्टभन्दा धेरै उल्लेख गर्नुभएको छ।

"बिऊ उम्रनु भन्ने चित्रणले मानिसमा आत्मिक जीवनको सुरु हो भनेर जनाउँछ। बिरुवा भएर बढ्नु भनेको इसाई जीवनमा बढ्ने सुन्दर चरित्र हो। प्रकृतिमा  बिरुवा कि त बढ्नै पर्छ कि त मर्नैपर्छ। जसरी बिरुवा चुपचाप थाहै नपाइकन उम्रन्छ त्यसरी नै इसाई जीवनमा पनि परमेश्वरको बिउ थाहै नपाइकन उम्रिरहेको हुन्छ। हाम्रो जीवनक प्रगतिको प्रत्येक कदम सिद्ध भइ गइरहेको हुन्छ; यद्यपि हामीमा पूरा हुनुपर्ने लक्ष्य परमेश्वरको हो। यो हुर्किने क्रम निरन्तररूपमा भइरहन्छ। शुद्धिकरण हुने प्रक्रिया जीवनभरीको हो। जब हामीम अवसरहरू धेरै आउँछन् तब हाम्रो अनुभव पनि बढ्दै जान्छ, र हाम्रो ज्ञान पनि बढ्दै जान्छ।"-एलेन जी ह्वाइट, क्राइस्ट *अबजेक्ट लेसनस्,* पृ. ६५,६६बाट रूपान्तरित।

सुनौलो अन्न पाकेको भन्नाले ती सबै येशूभक्तहरू हुन् जो उहाँको अनुग्रहले परिवर्तन भएको थिए, तिनीहरू प्रेमले संचालित भएका थिए र तिनीहरूको जीवनद्वारा येशूको नाउँको महिमा गरेका थिए र उहाँको इज्जत थामेका थिए। तिनीहरूका हृदयहरू येशूको हृदयसँग एक भएका छन्, तिनीहरूले जे गर्न चाहन्छन् सो येशूले के गर्न चाहनुभएको छ त्यही गर्छन्।

**"हाम्रो प्रगतिको प्रत्येक कदमा हाम्रो जीवन सिद्ध हुनसक्छ" भन्ने एलेन जी ह्वाइटको भनाइलाई तपाईले कसरी बुझ्नुहुन्छ? जब हामीमा भएको कमीकमजोरी र नराम्रो चरित्रहरू हामीलाई थाहा छ, यद्यपि उहाँको भनाइको अर्थ के हो?**

## ५. प्रत्येक बिउले बाली उत्पन्न गर्दछ

प्रकाश १४मा दुइ कटानीको बारेमा उल्लेख गरिएको छ। सुनौलो अन्नको कटानीको अर्थ धार्मिक जनहरूलाई माथि लैजाने, र नराम्रा अङ्गुरहरू भनेको अधर्मीहरूलाई औंल्याउँछ। त्यसको अर्थ तिनीहरू अनन्त जीवनबाट सदाको निम्ति बंचित हुन्छ। दुवै बाली पूरै पाकी सकेको हुन्छ। रोपेको प्रत्येक बिउ पूरै हुर्केर पाकेको हुन्छ।

**प्रकाश १४:१७-२० पढ्नुहोस्। "उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ" (प्रकाश १४:१०) भनेर व्यक्त गरेको अर्थ के हो? प्रकाश १५:१ र १६:१ पनि पढ्नुहोस्। हेर्नुहोस्, "१७ अनि स्वर्गमा भएको मन्दिरबाट एउटा अर्को स्वर्गदूत बाहिर आए। तिनीसँग पनि एउटा धारिलो हँसिया थियो। १८ तब वेदीबाट अर्को स्वर्गदूत आए, जसको आगोमाथि शक्ति थियो। धारिलो हँसिया लिनेलाई चर्को सोरले तिनले भने, "तिम्रो धारिलो हँसिया चलाऊ, र पृथ्वीका अंगूरका झुप्पाहरू जम्मा गर, किनकि पृथ्वीका अंगूर पूरै पाकिसकेका छन्।" १९ ती स्वर्गदूतले आफ्नो हँसिया पृथ्वीमा चलाए, र पृथ्वीका अंगूरको फसल जम्मा गरे, र त्यसलाई परमेश्वरका क्रोधको ठूलो दाख-कुण्डमा फालिदिए। २० सहर बाहिरको दाख-कुण्डमा ती अंगूर कुल्चिए, दाख-कुण्डबाट रगत निस्किबग्यो। त्यो रगत घोडाको लगामसम्म पुग्ने गरी गहिरो थियो, र तीन सय किलोमिटरसम्म फैलिएको थियो।" प्रकाश १४:१७-२०; "मैले स्वर्गमा ठूलो र अचम्मको अर्को एउटा चिन्ह देखें: सात स्वर्गदूतहरूले सात वटा अन्तिम विपत्ति लिएका थिए, किनकि तिनीहरूमा नै परमेश्वरको क्रोध समाप्त भएको छ।" प्रकाश १५:१ र "तब मन्दिरबाट आएको एउटा चर्को सोरले सात स्वर्गदूतहरूलाई यसो भनिरहेको मैले सुनें: "तिमीहरू जाओ, र परमेश्वरका क्रोधका सात कचौरा पृथ्वीमाथि खन्याओ।" प्रकाश १६:१।**

"तब वेदीबाट अर्को स्वर्गदूत आए, जसको आगोमाथि शक्ति थियो।" प्रकाश १४:१८। यहाँ स्वर्गदूत हुनुहुन्छ जसले परमेश्वरको अन्तिम न्यायको आगोलाई हुकुम दिन सक्छ। बाली पाकी सकेको छ। पापको ज्यादतिको पराकाष्टासम्म पुग्यो। विद्रोही, अधर्मी र पापीहरूले परमेश्वरको दयाको सीमा नाघे। खराब र नराम्रो कुराहरू भइरहेकै बेलामा सबै कुरो खतम हुनुभन्दा अघि खराब झन चर्कोरूपमा बढ्नेछ। प्रिय परमेश्वरले हामीले मुक्ति पाउन्, हामी असल मार्गमा हिंड्नु, नराम्रो बाटोबाट फर्कुन् भनेर उहाँले सबै प्रयास

गर्नुभयो। हाम्रो पापको निम्ति उहाँले आफूलाई क्रूसमा पनि अर्पण गर्नुभयो। "हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।" २ कोरिन्थी ५:२१ र "हाम्रा निम्ति सराप बनेर ख्रीष्टले हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर छुटाउनुभयो, किनकि "काठमा झुण्डिने हरेक श्रापित हुन्छ" भन्ने लेखिएको छ।" गलाती ३:१३।

क्रूसभन्दा अपार उहाँले के गर्न सक्नुहुन्थ्यो र? जसले पवित्र आत्माको सुरिलो आवाजलाई पन्छाइरहे, जसले मुक्ति पाउनको निम्ति गरिएको आह्वानलाई बरारबर लत्याइरहे तिनीहरूको निम्ति अब अनुग्रहले केही गर्न नसक्ने हुन्छ।

प्रकाश १४मा अर्जेन्ट वा तुरन्तै थाहा पाउने सन्देश छ। प्रत्येक बिउ कटानीको निम्ति ठिक भइसकेको छ। अन्न पूरै पाकीसकेको छ र अङ्गुर पनि पूरै पाकेको छ। सारा जगतको सामु परमेश्वरका जनहरूले पाएका उहाँका अनुग्रह, करुणा, दया र प्रेमलाई प्रकट गरिसकेका छन्। दुष्टका सन्तानले आफ्ना लोभ, लालच, कामबासना, डाहा, ईष, घृणा आदि देखाउँदछन्। एउटा समूहले येशूको चरित्रलाई प्रकट गर्छ भने अर्को समूहले सैतानको चरित्रलाई प्रकट गर्दछ।

परमेश्वरका बाँकि सन्तानले उहाँको धार्मिकतालाई प्रकट गर्नेछ जुन पहिला कहिल्यै पनि देखिएको थिएन। उहाँका जनहरूले प्रकट गरेको ख्रीष्टको धार्मिकताको बिपरित सारा विश्वब्रम्हाण्डले परमेश्वरको विरुद्धमा गरेको विद्रोहको पूरै नतिजा देख्नेछ। सारा स्वर्गदूत र मानिसहरूको सामु दुष्टता, खराब, पाप र आज्ञा पालनलाई लत्याउनेहरूको गति पर्दाफास हुनेछ। असल र खराबको बीचमा, ठिक र बेठिक, आज्ञा पालन र आज्ञा पालन नगर्नेको बीचमा भएको चरित्रको भिन्नता सारा जगत, मानिस र स्वर्गदूतहरूले देख्नेछन्।

**असल र खराबको बीचमा भएको भिन्नतालाई तपाईंले कसरी छुट्याउनुहुन्छ? यो छुट्याउन कतिको जरुरत छ? हेर्नुहोस्, "खँदिलो भोजन त परिपक्व मानिसहरूका निम्ति हो। यिनीहरूको मानसिक शक्ति निरन्तर अभ्यासद्वारा असल र खराब छुट्ट्याउन सक्ने भएको हुन्छ।" हिब्रू ५:१४।**

**उपसंहार**

**थप जानकारी:** "दुवै बौद्धिक र आत्मिक स्वभावको नीति हो कि हामी हेरेर परिवर्तन हुन्छौँ। हामीले के हेर्दछौँ र दिमागमा खेलाउँछौँ तब बिस्तारै त्यसले हाम्रो दिमागमा अड्डा जमाउन थाल्दछ। हामीले जसप्रति मोहित हुन्छौँ र श्रद्धा देखाउँछौँ त्यसलाई पचाउन थाल्छौँ। मानिसले आफूले निर्धारण गरेको वा चाहेको शुद्धता वा भलाई वा असल गर्ने बानी र सत्य जान्ने चाहनाभन्दा माथि कहिल्यै पनि उक्लन सक्दैन। आफू जस्तो छ त्यस्तै हुन चाहन्छ भने त्यो भन्दा माथि ऊ आउँदैन। यदि उसको स्वार्थ र आफ्नो भाऊ खोज्ने प्रवृत्ति उसको आदर्श नीति हो भने त्यो माथि उचलिएर उच्च आत्मिक र बौद्धिक स्तरमा ऊ आउन सक्दैन। तर आफूलाईमात्र हेर्ने बानीले उसलाई तल तल झार्दछ। मानिसलाई उचाल्न केवल परमेश्वरको अनुग्रहलेमात्र शक्ति छ। यदि मानिसले आफ्नो भविष्य आफैलाई निर्धारण गर्न छोडियो भने त्यो पतन हुने निश्चित छ।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ५५५ बाट रूपान्तरित।

हाम्रा दिमागहरूमा कस्तो खालको बिउ रोपिरहेकाछौँ, ती बिउहरू हामीलाई थाहै नहुने, देख्दै नदेख्ने गरेर र अनुभव नहुने गरेर हाम्रा चरित्र र व्यक्तित्वहरूलाई परिवर्तन गरिरहेका हुन्छौँ तपाईँले असल बिउ रोप्नुभयो भने असलै फल फलाउनुहुन्छ। यस संसारका हाउभाउ अनुसार खराब बिउ रोप्नुहोस्, तपाईँको चरित्र संसारकै हाउभाउ अनुसार भइरहेको हुन्छ। यदि हामीले परमेश्वर र आत्मिक र प्रार्थमिकताहरूप्रति मन नपराउने बानी बसालीरहेका हुन्छौँ भने विरक्त, उदासिन र हाम्रो आत्मिक र भावनात्मक जीवन निराशै निराशका फलहरू हामी फलाइरहेका हुन्छौँ। कतिले सोच्छन् होला, "मलाई थाहा छ कुनै दिन अन्तिम सतावट आउने पशुको छाप र आदि आउनेछ, तर जब यो भयो भने म आफूलाई सम्हाल्नेछु।" यी मानिसहरू खतराको बाटोमा लागिरहेको छ। परमेश्वरले अहिले नै यस क्षणमा हाम्रा जीवनहरू उहाँलाई सुम्पेको चाहनुहुन्छ। पवित्र आत्माको आवाजलाई नसुन्न जति हामी निर्णय गर्छौँ त्यति परमेश्वरको चाहनामा लाग्न कठिन हुँदै जान्छ। अनि सैतानका झुटा जालहरूमा पर्न सक्दछौँ यद परिमेश्वरको आवाजलाई भन्दा सैतानको आवाजलाई हामी दिनदिनै चुनिरहेका छौँ भने।

**चिन्तनमनन:**

अ. प्रकाश १४:१४-२० र कटानी गर्ने सन्दर्भमा अनुग्रहबाट मुक्ति पाउनु र अनुग्रहमा बढिरहनुको बीचमा के सम्बन्ध छ?

आ. विरुवा हुर्कन के के चाहिन्छ र हाम्रो आत्मिक जीवनलाई पनि हुर्काउन के चाहिन्छ सो सोच्नुहोस्। ती दुवैमा के समानान्तर छ? अर्थात् बिरुवा कसरी हुर्कन्छ त्यसबाट हाम्रो आत्मिक जीवनको निम्ति के पाठ सिक्न सक्छौं?

इ. परमेश्वरले दिनुभएको निर्णय गर्ने क्षमता र आफ्नै इच्छाशक्तिको बीचमा के भिन्नता छ? यो महत्त्वपूर्ण विषय बुझ्यो भने हाम्रो इसाई जीवन बढाउन कसरी सहयोग हुन्छ?

ई. येशूको दोस्रो आगमनको निम्ति पर्खिरहने हामीलाई येशू "मानिसको पुत्र" भन्ने शिर्षक न्यायको मामिलामा हामीलाई कसरी सान्त्वना दिन्छ? स्वर्गमा मानव प्राणी नै न्यायमा हाम्रो प्रतिनिधित्व गरिरहनुभएको छ भनेर महसुस गर्नु किन आनन्दको कुरो हो?

## कथा २
## सौन्दर्यताको परमेश्वरलाई भेट्टाउँदै
## भ्वाइलिटा, रोमेनिया



किशोरी उमेरमा भ्वायलिटा परमेश्वरको नाउँ लिने बेलामा डराएर थुरथर काम्थिन्। तत्कालिन कम्युनिष्ट देश रोमेनियामा इसाई धर्ममा बन्देज लगाएको थियो। भ्वायलिटाकी हजुरआमाले बाहेक कसैले पनि परमेश्वरको बारेमा बोल्दैनथे। "यदि तिमीले गल्ती गऱ्यौ भने तिमीलाई परमेश्वरले दण्ड दिनुहुनेछ," हजरआमाले भन्थिन्। परमेश्वर शक्तिशाली हुनुहुन्छ, उहाँ सर्वज्ञानी हुनुहुन्छ र मानिसले अलिकती गल्ती गरेकी उहाँले सजायँ दिनुहुन्छ भन्ने धारणा भ्वाइलिटाले सिकेकी थिइन्।

भ्वाइलिटा प्राकृतिक सौन्दर्यतामा हुर्केकी थिइन्। प्रकृतिलाई हेर्दा हजुरआमाको परमेश्वरको रूपसँग नमिलेको उनले महसुस गरेकी थिइन्। बसन्त ऋतुमा रूखहरूमा देखिएका सुन्दर पात र स्वादिलो फलहरूले उनलाई मनमुग्ध पार्दथे। गर्मी महिनामा पातहरू खसेको, जाडोभरी रूखहरू खाली भएको र बसन्त ऋतुमा फेरि पल्हाएको उनले देखेकी थिइन्। कसै न कसैले रूखहरूलाई स्याहार गरेको हुनुपर्छ भनेर उनले सोचेकी थिइन्।

चराहरूका मिठो गीतहरूले पनि उनलाई प्रभाव पारेको थियो। कसै न कसैले ती चराहरूलाई गीत सिकाएको हुनुपर्छ भनेर उनले सोचेकी थिइन्। फरक फरक चराहरूको स्वर र गीत फरक फरक नै भएको उनले सुनेकी थिइन्।

पशु र मानिसहरूको बीचमा भएको भिन्नता पनि उनले देखेकी थिइन्। मानव प्राणीले तर्क गर्न सकेको तर पशुले तर्क गर्न नसकेको पनि उनले महसुस गरेकी थिइन्। मानव जगतमा तर्क गर्ने शक्ति कसैले सृष्टि गरेको हुन सक्छ र पशुहरू फरकै सृष्टि गरिएको पनि उनले सोचेकी थिइन्। त्यो सृष्टिकर्ता असलै हुनुपर्छ भन्ने उनको धारणा थियो। तर, प्रकृतिलाई बनाउने परमश्वर उनले थाहा पाएको भन्दा फरक थियो कि भन्ने तर्कमा उनी थिइन्।

ठूली भएपछि भ्वाइलिटा चर्चमा जान्थिन्। यदि चर्चमा गएन भने परमेश्वरले सजायँ दिनुहुन्छ भन्ने सोचमा उनी थिइन्। चर्चमा उनलाई रमाइलो लागेको थिएन। त्यो चर्च विशेष संम्प्रदायको थियो जहाँ इसाईहरूको मूर्तीको अगाडि मैन बत्ती बाल्दथे र तिनीहरूलाई ढोग्दथे। तर आफू मायाले होइन त्रासले आराधना गरेको महसुस गरेकी थिइन्। आफूमात्र होइन अरूहरू पनि डरले आराधना गरेको उनले अनुभव गरेकी थिइन्। चर्चको विभिन्न रीतिथितिहरूमा उनी सरिक भएतापनि उनलाई रमाइलो लागेको थिएन। तर उनले रोक्न सकेको थिएन। हजुरआमाको चेतावनी उनको कानमा बजिरहेको थियो, "यदि तिमीले गल्ती गर्‍यौ भने परमेश्वरले तिमीलाई सजायँ दिनुहुनेछ।"

जब उनी ३० वर्षकी थिइन् तब उनको कार दुर्घट्नामा पर्‍यो। त्यस दिन पहिलो पल्ट सिट बेल्ट बाँधेकी थिइनन्। जब कार गुल्टिन्दै गयो तब आफू मर्ने भयो भनेर उनले सोचिन्। "हे परमेश्वर, मलाई सहायता गर्नुहोस्," उनी चिच्याइन्।

कार रोक्यो। उनी कारबाट बाहिर निस्किन्। उनलाई केही चोट पनि लागेको थिएन। उनी चकित भइन्। कार बिग्रिएको देख्दा उनी चकित भइन्। कारको छाना कचाकुचक परेर उनी बसेकी सिटमा झरेको थियो। तर कार ठोकिएकोको जोरले उनी अर्को सिटमा फ्याँकिन पुगेको थियो। यदि उनले सिटबेल्ट बाँधेको भए उनी मर्ने थिइन्।

जब त्यो दुर्घट्ना भएको कारको नजिक एक जना महिला आइन् तब उनले उनलाई हेरेर भनिन्, "परमेश्वरले तिमीलाई धेरै माया गर्नु हुन्छ। ढिलो नगर र उहाँलाई खोज।"

भ्वाइलेटाले अचम्म मानेर सुनिन्। त्यस महिलाले के भनिरहेकी थिइन् त्यो उनले महसुस गरिन्। उनले त उनले जानेको रिसाहा परमेश्वर होइन अर्कै परमेश्वरको बारेमा औंल्याएकी थिइन्।

विभिन्न चर्चहरूमा गएर उनले परमेश्वरलाई भेट्टाउन खोजिन्। उनले आफ्नै बाइबल किनिन् र येशूको बारेमा जान्न चाहिन्।

एक दिन गर्मी मौसममा ब्लाक सि वा कालो समुद्रमा छुट्टी मनाउन गएकी थिइन्। समुद्रको किनारामा एक जना महिलाले केही किताबहरू बेचिरहेकी उनले देखिन्। उनले येशूको बारेमा पाँच वटा श्रृङ्खला पुस्तक बेचिरहेकी देखिन्। आफूले ती पुस्तकहरू किन्न चाहेकी चासो देखाइन्।

"तपाईंले एलेन जी, ह्वाइटको बारेमा कहिल्यै पढ्नुभएको छ?" त्यस विक्रेताले सोधिन्। आफूले थाहा नभएको उनले बताइन्। विक्रेताको मिलन मिजास देखेर भ्वाइलेटाले एलेन जी, ह्वाइटद्वारा लेखेका पाँचैवटा पुस्तक अर्थात् कन्फ्लिक्ट अभ एजेज श्रृङ्खला पुस्तकहरू किनिन्। उनलाई एलेन ह्वाइटको बारेमा केही थाहा थिएन्।

"तपाईंलाई के म कल गर्न सक्छु?" त्यस महिलाले सोधिन्।

घरमा उनले तुरन्तै *द डिजाएर एजेज्* अर्थात् येशूको जीवनी पढिन्। उनी येशूको बारेमा अझ सिक्न चाहेकी थिइन्।

केही समयपछि ती विक्रेता युलाले भ्वाइलेटालाई फोन गरेर सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा आराधना गर्न निम्तो दिइन्। युला र चर्चप्रति भ्वाइलेटा अत्यन्तै प्रभावित भएकी थिइन्। तिनीहरूले सौन्दर्य र प्रेमको परमेश्वरको आराधना गर्दथे। आफूले सोचेको जस्तै मानवता र सौन्दर्यताको सृष्टि गर्नुहुने परमेश्वरलाई आराधना गर्न पाएकोमा उनी खुशी थिइन्।

सौन्दर्य र प्रेमको र बाइबलको परमेश्वरलाई उनले आफ्नो हृदय सुम्पिन् र सेभेन्थ-डे एडभेन्टिस्ट भइन्।

आज उनले अरूहरूलाई बाइबल सिकाउँछिन् र सौन्दर्य र प्रेमको परमेश्वरको बारेमा सिकाउँछिन्। उहाँ बाइबलमा उनले भेट्टाएकी थिइन्।

"हो, परमेश्वर सृष्टिकर्ता र सर्वशक्तिमान हुनुहुन्छ, तर उहाँले हामीलाई प्रेम गर्नुहुन्छ। यही परमेश्वरलाई सानैदेखि मैले जान्न चाहेको थिएँ। परमेश्वर प्रेम हुनुहुन्छ भनेर म धेरै विश्वास गर्छु।

-आन्ड्र्यु मेकचेस्नी